# बालसंरक्षणका लागि हाम्रो भूमिका

## परिवारको भूमिका

- परिवारले बालबालिकालाई उचित स्याहार सुसार र पालन पोषण गर्नु पर्दछ ।
- बालबालिकाहरूको शिक्षा र स्वास्थ्यमा ध्यान दिनु पर्दछ ।
- बालबालिकालाई बाल अधिकार, बाल संरक्षण र जीवन उपयोगी सीपहरू सिकाउनु पर्दछ ।
- बालबालिकाहरूसँग समय बिताउनु पर्दछ र उनीहरूलाई मनका कुरा भन्न, अप्ठयारो परेका कुरा सुनाउन प्रेरित गर्नु पर्दछ ।
- बालबालिकाहरूलाई कुटपिट र दबाब दिनु हुँदैन, जुन कुरा पुरा नहुँदा बालबालिका निरास नहुन् ।

## शिक्षक तथा विद्यालयको भूमिका

- शिक्षकहरूले बालबालिकालाई बाल अधिकार र बाल संरक्षणका कुराहरू सिकाउनु पर्दछ ।
- बालबालिकाका मनोभाव बुझ्ने र सकरात्मक व्यवहार गर्नु पर्दछ ।
- बालबालिकाहरूलाई सकरात्मक क्रियाकलापमा सहभागी गराउनु पर्दछ ।
- बालमैत्री ढङ्गले पठनपाठन गराउनु पर्दछ ।
- विद्यालयमा बालमैत्री आचार संहिताको निर्माण तथा परिपालना गर्नु र गराउनु पर्दछ ।
- विद्यालयमा संरक्षण प्रणाली तथा सुनुवाइ संयन्त्रको विकास गराउनु पर्दछ ।
- विद्यालयमा बाल क्लबको स्थापना र अतिरिक्त क्रियाकलापको व्यवस्था गर्नु पर्दछ ।

## समुदायको भूमिका

बालबालिकाहरू समुदायकै अङ्ग हुन् । उनीहरूको संरक्षण गर्नु समुदायको भूमिका र कर्तव्य हुन जान्छ । बाल अधिकारको सिद्धान्त र नेपालका कानुनले दिएका अधिकारका आधारमा पनि बालबालिकाहरू अधिकारका धारक हुन् भने अभिभावक र वयस्कहरू कर्तव्यका निर्वाहक हुन् । उनीहरूलाई दुर्व्यवहार, हिंसा, शोषणजस्ता जघन्य अपराधबाट जोगाउनु अभिभावक, शिक्षक, समुदाय र समाजको कर्तव्य हो । बाल अधिकारका लागि समुदायले निम्न काम गर्न सक्छ ।



- समुदायमा बाल अधिकार र बाल संरक्षण सम्बन्धी जन चेतनाको कार्यक्रम सञ्चालन गर्ने
- बालबालिकाहरूको सहभागितामा वृद्धि गर्न सामुदायिक बाल समूह निर्माण गर्ने
- समुदायमा बाल संरक्षण समितिहरूको निर्माण र परिचालन मार्फत् बाल संरक्षण अभियान सञ्चालन गर्ने
- बाल श्रमको प्रयोग बन्द गर्ने तथा बाल विवाहजस्ता नकारात्मक परम्परालाई बन्द गर्ने
- दुर्व्यवहार तथा हिंसामा परेका बालबालिकाहरूको उद्धार तथा पुनर्स्थापनाका लागि कोष स्थापना गरी कार्यक्रम सञ्चालन गर्ने
- समुदायका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने

संविधान तथा कानुनले पनि बालबालिकालाई विभिन्न अधिकार दिएर उनीहरूको अधिकार संरक्षणका लागि काम गरेको छ । बालबालिकाको संरक्षणमा हामी समुदायले पनि धेरै कार्य गर्न सक्छौं । शिक्षा, संरक्षण र सहभागितामा बालबालिकालाई सहयोग गर्न सक्छौं । आजको सानो बालक भोलि देश हाँक्ने व्यक्ति बन्न सक्दछ । यसका लागि समाजले बालबालिकालाई अवसर र अधिकार प्रदान गर्नु पर्दछ । बालबालिका पनि वयस्कहरूजस्तै समाजका नागरिक हुन् । देशको उज्वल वर्तमान र भविष्यका लागि हामी सबै मिलेर ***हिंसा रहित विद्यालयका लागि बालसंरक्षण प्रणाली प्रवर्धन कार्यमा*** अग्रसर हुन सक्छौं । हामी सबै मिलेर बालबालिका विरूद्ध हुने हिंसा र दुर्व्यवहार विरूद्ध काम गरौं ।

बालबालिकाविरूद्ध कुनै पनि हिंसा, दुर्व्यवहार भएमा र मनोसामाजिक समस्या देखा परेमा सम्पर्क गर्नुहोस्

सम्पर्क फोन

**१६६०-०१-१००००**

**वा**

**१०९८**

माथिका नम्बरमा नेपालभरि जहाँबाट फोन गरे पनि पैसा लाग्दैन ।

युरोपेली सङ्घको अनुदान र सेभ द चिल्ड्रेनको सहयोगमा सिविसद्वारा सञ्चालित *हिंसा रहित विद्यालयका लागि बाल संरक्षण प्रणाली प्रवर्धन कार्यक्रम*

The Project is funded by the European Union

Save the Children



# बालबालिकाहरूलाई हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण गरौं

बालबालिकाहरू वर्तमानसँगै भोलि देशलाई डोऱ्याउने र विकास गर्ने नागरिक पनि हुन् । बालबालिकाको वर्तमान अवस्था राम्रो भएन भने भोलिको भविष्य पनि राम्रो हुँदैन । त्यसैले आजैदेखि आफ्ना बालबालिका र समुदायमा रहेका बालबालिकाहरूलाई हानि र दुर्व्यवहारबाट संरक्षणका लागि हामी सबै मिलेर काम गरौं।

## नेपालमा बालसंरक्षणको अवस्था

नेपालमा कुल जनसङ्ख्यामा १८ वर्षभन्दा मुनिका बालबालिकाको सङ्ख्या ४४.४२ प्रतिशतभन्दा माथि छ । विभिन्न तथ्याङ्कले देखाए अनुसार लाखौं बालबालिकाहरू विभिन्न प्रकारका शोषण र दुर्व्यवहारबाट पीडित भएका छन् ।

- श्रम शक्ति सर्वेक्षण २००८ अनुसार, नेपालमा लगभग १६ लाखभन्दा बढी बालबालिकाहरू श्रममा संलग्न रहेको पाइएको छ । तिनीहरूमध्ये पनि ६ लाख २१ हजार बालबालिकाहरू जोखिमपूर्ण श्रममा संलग्न भएको पाइएको छ ।
- सेभ द चिल्ड्रेनको सन् २००३ को अध्ययन अनुसार, नेपालमा ४५ प्रतिशत बालबालिकाहरू यौन दुर्व्यवहारमा परेको पाइएको छ ।
- सन् २०१२/१३ मा नेपाल प्रहरीमा दर्ता भएका मानव ओसारपसारका घटनामध्ये ५५.०८ प्रतिशत घटना बालबालिका ओसारपसार थिए । यौन दुर्व्यवहार सम्बन्धी तथ्याङ्कलाई हेर्ने हो भने नेपाल प्रहरीमा सन् २०१२/१३ मा परेका ७०१ उजुरीमध्ये ४९.६४ प्रतिशत घटना १८ मुनिका बालबालिकामाथि भएका दुर्व्यवहार थिए ।
- राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी सर्वेक्षण, २०११ (केन्द्रीय तथ्याङ्क विभाग)का अनुसार १५ देखि १९ वर्ष समूहका ४८.८६ प्रतिशत किशोर किशोरी विवाहित पाइएको छ ।
- १०–१४उमेर समूहका ४१४ प्रतिशत बालबालिकाहरू शारीरिक हिंसामा परेको तथ्याङ्क नेपाल किशोर किशोरी तथा युवा सर्वेक्षण, २०११ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय)ले देखाएको छ ।
- विद्यालय छाड्ने दर प्राथमिक तहमा ५.२ प्रतिशत, निम्न माध्यमिक तहमा ६.१ प्रतिशत र माध्यमिकमा ६.५ प्रतिशत रहेको कुरा शिक्षा विभागको प्रतिवेदन २०६९ ले देखाएको छ ।
- सेभ द चिल्ड्रेनका अनुसार, विद्यालय छाड्ने बालबालिकाहरूमध्ये १४ प्रतिशत बालबालिकाहरू शिक्षकका डरले विद्यालय छाडेको अध्ययनले देखाएको छ । यसै गरी हजारौं बालबालिकाहरूले विद्यालयमा हुने हेपाइ, शारीरिक दण्ड, सहपाठीबाट हुने जिस्काइका कारण विद्यालय छाडेको पाइएको छ ।
- श्रममा संलग्न बालबालिकाहरूमध्ये ६० प्रतिशतभन्दा बढी बालबालिकाहरूले विद्यालयको मुखै देख्न पाएका छैनन् ।
- सानै उमेरमा बिहा हुनाले लाखौं बालबालिकाहरू विद्यालय शिक्षाबाट वञ्चित छन् ।



## हानि तथा दुर्व्यवहार र यसका असर

ठूला बालबालिका, सहपाठी तथा वयस्कहरूले बालबालिकाहरूलाई मन नपर्ने ,चित्त दुख्ने, शारीरिक, मानसिक तथा बौद्धिक रूपमा हानि पुऱ्याउने गरी गरिएका सबै किसिमका कार्यहरू नै बाल दुर्व्यवहार तथा बालबालिक विरूद्ध हुने हानिकारक कार्य हुन् । हाम्रो समाजमा लाखौं बालबालिकाले तल देखाएका जस्तै हानिकारक व्यवहार भोगिरहेका छन् ।






## बाल दुर्व्यवहारबाट बालबालिकामा पर्ने असरहरू

- बालबालिकामाथि हुने हिंसा र दुर्व्यवहारले बालबालिकालाई दीर्घ कालीन असर पर्दछ । बालबालिकामाथि हुने कुटपिट तथा हिंसाले बालबालिकाहरूमा घाउ चोट लाग्ने, अपाङ्गता हुने तथा मानसिक समस्या देखिन सक्छ ।
- दुर्व्यवहारमा परेका बालबालिकाहरू वयस्क भएपछि पनि रिसाहा, सन्काहा र झगडालु हुन सक्छन् ।
- घरमा हुने दुर्व्यवहारले बालबालिकाहरू परिवारबाट बाहिरि एर दुर्व्यसन, अपहरण र लागू औषधको दुर्व्यसनमा पर्न सक्छन् । यसले बालबालिका शिक्षा र स्वास्थ्यको अवसर बाट वञ्चित हुन्छन् ।
- विद्यालयमा बालबालिकाहरूलाई हिंसा, कुटपिट भएमा बालबालिकाले विद्यालय नै छाड्ने, कुलतमा लाग्ने र सानै उमेरमा श्रम शोषण र बेचबिखनमा पर्न सक्छन् ।
- सानै उमेरमा बालबालिकाहरूलाई बाल विवाह गरिदिए बालबालिकाहरू घरेलु हिंसामा पर्न सक्छन् ।
- हजारौं बालबालिकाहरू यौन दुर्व्यवहारका सिकार भएका छन् । यसले गर्दा बालबालिकाहरू दीर्घ कालसम्म कमजोर मानसिकताका साथ बाँच्न बाध्य हुन्छन् ।
- दुर्व्यवहारमा परेका बालबालिकाहरूको आत्मबल कमजोर हुन सक्छ । कतिपय बालबालिकाहरू बदलाको भावनाले हिंस्रक बन्न सक्छन् । त्यसैले बालबालिकालाई सभ्य र असल नागरिक बनाउनका लागि बालबालिकाहरूलाई असल व्यवहार र संरक्षित वातावरण दिनुपर्दछ । घर, परिवार, टोल र विद्यालयलाई बालमैत्री बनाउनु हामी सबैको कर्तव्य हुन्छ ।

## बाल संरक्षण के हो ?

बालबालिकालाई शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर एवं नकारात्मक असर पार्ने खालका तथा निजमाथि हुने वा हुन सक्ने शारीरिक यातना तथा मानसिक पीडाजन्य कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु बाल संरक्षण हो । यसको अर्थ

- सबै बालबालिकाको अधिकारको प्रत्याभूति गरी जोखिममा पर्न नदिनु
- जोखिमको खतरामा रहेकालाई समयमै सहयोग गर्नु
- हानि वा दुर्व्यवहारमा परेका बालबालिकाको घटना व्यवस्थापन र पुनर्स्थापना गर्नु पनि हो ।